# पञ्चासे वन संरक्षण क्षेत्र

## अन्तर्गत

## आ.व. २०८२।०८३ मा

## सञ्चालित योजना तथा कार्यक्रमहरुको

# सामान्य जानकारी



पेश गरिएको निकाय

## वन निर्देशनालय

### गण्डकी प्रदेश, पोखरा

आ.व. २०८२।०८३

# १. पृष्ठभूमि

पञ्चासे वन संरक्षण क्षेत्र जैविक विविधता, जलाधार संरक्षण, पर्यापर्यटन प्रवर्द्धन तथा स्थानीय समुदायको दिगो जीविकोपार्जनका दृष्टिले गण्डकी प्रदेशको महत्वपूर्ण संरक्षण क्षेत्र हो । जैविक विविधता, जल स्रोत र पर्यापर्यटनको दीगो व्यवस्थापन एवं वातावरणीय सन्तुलन कायम गर्ने पञ्चासे वन संरक्षण क्षेत्रको प्रमुख उद्देश्य रहेको छ । यस क्षेत्रमा रहेका वन, वनस्पति, वन्यजन्तु, जलाधार, प्राकृतिक तथा सास्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन,व्यवस्थापन र दिगो उपयोग गर्नुका साथै स्थानीय समुदायलाई संरक्षण कार्यमा सहभागी गराउने उद्देश्यले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

आर्थिक वर्ष २०८२।८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वन निर्देशनालय, गण्डकी प्रदेश, पोखराको लागि राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत जैविकमार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन (पञ्चासे वन संरक्षण क्षेत्र ) संघ सशर्त अनुदान वजेट उपशिर्षक नं. ३२९९१०११ अन्तर्गत रु ४५ लाख प्राप्त भएको थियो। संघीय सशर्त अन्तर्गतको राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम जैविकमार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन (पञ्चासे वन संरक्षण क्षेत्र ) कार्यान्वयनको लागि **प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यविधि, २०८२** को अधीनमा रही पञ्चासे वन संरक्षण क्षेत्र मूल परिषद् तथा ईकाइ परिषद्को मिति २०८२।१०।२९ को बैठकको निर्णय तथा प्राप्त सुझाव समेतको आधारमा कार्यक्रमहरु बाँडफाँड गरि कार्य संचालन गर्न गण्डकी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयमा पेश गरिएकोमा मन्त्रालयको च नं ६९७ मिति २०८२।११।१० को पत्रानुसार प्राथमिकताको आधारमा अख्तियार प्राप्त अधिकारीबाट ल.ई स्वीकृत गराई कार्यक्रम कार्यान्वयन गर्न लेखि आएकोले देहायबमोजिमको शिर्षकमा कार्यक्रम बाँडफाँड गरिएको थियो।

- ✓ भू तथा  जलाधार र वातावरण संरक्षण कार्यक्रम
- ✓ पर्यापर्यटन प्रवर्धनात्मक कार्यक्रम
- ✓ जैविक विविधता संरक्षण कार्यक्रम

आर्थिक वर्ष २०८२/०८३ मा पञ्चासे वन संरक्षण क्षेत्रमा **भू तथा जलाधार र वातावरण संरक्षण कार्यक्रम** कार्यक्रम अन्तर्गत पानी मुहान संरक्षण, खोला किनारा संरक्षण, **पर्यापर्यटन प्रवर्धन कार्यक्रम** अन्तर्गत पदमार्ग निर्माण, चौतारी निर्माण तथा सेड हाउस निर्माण, **जैविक विविधता संरक्षण** अन्तर्गत प्राकृतिक पोखरी निर्माण, वन व्यवस्थापन तथा वन डढेलो नियन्त्रण, चोरी शिकारी नियन्त्रण सम्बन्धी सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिएका छन्। संघीय सशर्त तर्फका योजना/कार्यक्रमहरु (१४ वटा योजना)  सम्पन्न भएपश्चात पञ्चासे वन संरक्षण क्षेत्र मूल तथा ईकाइ परिषद् र वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, डिभिजन वन कार्यालय, पर्वत, कास्की र स्याङ्जाका प्रतिनिधी लगायतका सरोकारवाला नियकायहरुको उपस्थितिमा मिति २०८३।०३।१९ को बैठकबाट अनुमोदन गरिएको थियो।  यी कार्यक्रमहरूले प्राकृतिक स्रोत संरक्षण,जैविक

विविधता संरक्षण, पर्यावरणीय सन्तुलन कायम, पर्यापर्यटन विकास तथा स्थानीय समुदायको आर्थिक तथा सामाजिक अवस्थामा सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## २. नीतिगत आधार

वन ऐन २०४९, दफा २३ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकारले फागुन १५,२०६८ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी **"पञ्चासे संरक्षित वन"** घोषणा भई वन क्षेत्रको संरक्षण र व्यवस्थापन हुदै आएकोमा वन ऐन, २०७६ को दफा १७ बमोजिम **"पञ्चासे वन संरक्षण क्षेत्र"** मा रुपान्तरण भएको तथा संघीय संरचना बमोजिमको व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न संघिय वन तथा वातावरण मन्त्रालय, मन्त्रीस्तरको मिति २०७७।०५।२१ को निर्णय एवं च. नं.११८ मिति २०७७।०५।२६ को पत्रबाट प्रदेशलाई व्यवस्थापनको जिम्मेवारी प्राप्त भएको थियो ।

वन नियमावली, २०७९ को नियम ४० मा वन तथा भू-संरक्षण विभागले वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना बनाई मन्त्रालयले आवश्यक परिमार्जन गरि कार्ययोजना स्वीकृत गर्ने व्यवस्था रहेको छ। नियमावलीको नियम ४१ मा स्वीकृत विशेष कार्ययोजनाको कार्यान्वयन सम्बन्धित डिभिजन वन कार्यालयहरुले गर्ने व्यवस्था रहेको छ। दुई वा दुई भन्दा बढी डिभिजन वन कार्यालयहरुको कार्यक्षेत्रमा पर्ने वन संरक्षण क्षेत्रको हकमा विशेष कार्ययोजनाको कार्यान्वयनको लागि वन निर्देशनालयले समन्वय गर्ने व्यवस्था बमोजिम यस पञ्चासे वन संरक्षण क्षेत्र तिन जिल्ला ( पर्वत, स्याङ्जा र कास्की ) मा फैलिएको हुदाँ पञ्चासे वन संरक्षण क्षेत्रमा पञ्चासे संरक्षित वन व्यवस्थापन कार्ययोजना, २०७३/०७४ देखि २०८२।०८३ (१० वर्षे) को अधिनमा रही विभिन्न कार्यक्रमहरु वन निर्देशनालय मार्फत कार्यान्वयन हुदै आएको छ ।

**पञ्चासे संरक्षित वन व्यवस्थापन कार्ययोजना, २०७३/०७४ देखि २०८२।०८३ (१० वर्षे) ले निर्दिष्ट गरेका देहायका क्षेत्रहरुको परिधिभित्र रही कार्यक्रम कार्यान्वयन गरिएको छः**

१. दिगो वन व्यवस्थापन
२. जैविक विविधता संरक्षण
३. भू तथा जलाधार संरक्षण
४. जीविकोपार्जन सम्वन्धी कार्यक्रम
५. पर्यापर्यटन प्रवर्धन कार्यक्रम
६, मानव स्रोत विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम

## ३. पञ्चासे वन संरक्षण क्षेत्रमा आ व २०७३/७४ देखि २०८२/८३ सम्मको स्वीकृत वजेट र खर्चको प्रगति विवरण

| आर्थिक वर्ष | प्रादेशिक वजेट हजारमा | संघ सशर्त वजेट हजारमा | प्रादेशिक खर्च रु हजारमा | संघ सशर्त खर्च रु हजारमा | प्रगति प्रदेश | प्रगति संघ | जम्मा प्रगति |
|---|---|---|---|---|---|---|---|
| २०८२/८३ | १७८०.०० | ४५००.०० | १४३५.०० | २८३५.०० | ८०.६२% | ६३.००% | ६७.९९% |
| २०८१/८२ | १८८४.०० | ४५००.०० | १५६०.६० | ३७०७.०० | ८२.८३% | ८२.३८% | ८२.५१% |
| २०८०/८१ | २५१५.०० | ३०००.०० | १८८८.०० | २५२२.०० | ७५.०७% | ८४.०७% | ७९.९६% |
| २०७९/८० | २४००.०० | ४५००.०० | १२०३.०० | ३१४१.०० | ५०.१३% | ६९.८०% | ६२.९६% |
| २०७८/७९ | ३१५०.०० | ८५००.०० | ०.०० | ५७५४.०० | ०.००% | ६७.६९% | ४९.३९% |
| २०७७/७८ | १०००.०० | १००००.०० | ८१९.९९ | ३९००.०० | ८२.००% | ३९.००% | ४२.९१% |
| २०७६/७७ | ०.०० | ०.०० | ०.०० | ०.०० | | | |
| २०७५/७६ | ०.०० | १०७६०.०० | ०.०० | १०७५७.०० | ०.०० | ९९.९७% | ९९.९७% |
| २०७४/७५ | ०.०० | ८६६८.०० | ०.०० | ०.०० | ०.०० | ०.००% | ०.००% |
| २०७३/७४ | ०.०० | ६०५२.०० | ०.०० | ५३६७.०० | ०.०० | ८८.६८% | ८८.६८% |
| जम्मा | १२७२९.०० | ६०४८०.०० | ६९०६.५९ | ३७९८३.०० | ५४.२६% | ६२.८०% | ६१.३२% |

## हाल सम्म भएका क्रियाकलापहरुः

- चौतारी निर्माण
- पोखरी निर्माण
- सेड हाउस निर्माण
- गल्छी पहिरो नियन्त्रण र खोला किनारा संरक्षण
- पदमार्ग निर्माण तथा गोरेटो सुधार
- पाटि पौवा संरक्षण
- पानी मुहान संरक्षण
- सूचना केन्द्र मर्मत
- ९ वटा सा. व .उ .स. लाई सामाग्री वितरण ( वन व्यवस्थापन र वन डढेलो नियन्त्रणका सामग्रीहरु)

- विरुवा वितरण (फलफुल)
- चिराईतो, लेकचाँप, लालिगुराँसको प्लट व्यवस्थापन
- सुनाखरी पदमार्गमा रुखहरुको ट्यागीङ
- पञ्चासे वन संरक्षण क्षेत्रमा हुने मेला महोत्सवमा सहयोग
- मूल तथा इकाई परिषद् सुदृढीकरण
- वन व्यवस्थापन, वन डढेलो, चोरी शिकार नियन्त्रण, सामुदायिक वनमा कार्यालय तथा लेखा व्यवस्थापन, वातावरण सम्बन्धी स्कुल शिक्षा कार्यक्रम सम्बन्धी तालिम तथा गोष्ठीहरु सञ्चालन
- जैविक विविधता संरक्षण सम्बन्धी जानकारीमुलक सामाग्रीहरु प्रकाशन

## ४. पञ्चासे वन संरक्षण क्षेत्रको आ.व. २०८२।०८३ को वार्षिक कार्यक्रम

**क. प्रदेश सरकार तर्फको**

| सि.न. | कार्यक्रम | बजेट (हजारमा) |
|---|---|---|
| १ | सरोकारवालासँग समन्वय बैठक (तिन वटा) | १२० |
| २ | इकाई तथा परिषद सुदृढिकरण | ९० |
| ३ | पञ्चासे वन संरक्षण क्षेत्रमा प्राविधिक सहयोग( रेञ्जर, सुपरभाईजर, फिल्ड सहयोगी) | १३५० |
| ४ | पञ्चासे वन संरक्षण क्षेत्रमा चोरिशिकार नियन्त्रण इकाईहरुको परिचालन | ९० |
| ५ | वन डढेलो नियन्त्रण, वन व्यवस्थापन र चोरी शिकारी नियन्त्रण गोष्ठी | ५० |
| ६ | पञ्चासे वन संरक्षण क्षेत्रमा सञ्चालन हुने मेला महोत्सव सहयोग/ अनुदान | ८० |

**ख.संघिय तर्फको**

जैविक मार्ग तथा वन संरक्षण क्षेत्र व्यवस्थापन( पञ्चासे वन संरक्षण क्षेत्र र दुम्किवास क्षेत्र)
विनियोजित बजेटः ४५ लाख

# ५. आ.व. २०८२।०८३ मा सम्पन्न योजनाहरुको प्रगति विवरण (संघिय सशर्त तर्फ)

## पञ्चासे वन संरक्षण क्षेत्र कार्यक्रम
## कार्यक्रम/योजनाहरुको विवरण

| सि.न | कार्यक्रम/योजना | ठेगाना | सामुदायिक वनको नाम | कार्यालयबाट भुक्तानी (रु) | समुहले बेहोरेको (रु) | जम्मा खर्च(रु) |
|---|---|---|---|---|---|---|
| १ | **पदमार्ग निर्माण** | मोदी गाँउपालिका, वडा नं. ७, राम्जा चुलीकाल्ना | तालबाराह सामुदायिक वन उपभोक्ता समुह | ४८६३८०.०० | ६३०४२.०० | ५४९४२२.०० |
| २ | **पदमार्ग निर्माण** | पोखरा महानगरपालिका वडा नं. २३, हुर्कने मकानपुर | मजुवा सामुदायिक वन उपभोक्ता समुह | २९९४३०.०० | ३३५६७.०० | ३३२९९७.०० |
| ३ | **पदमार्ग निर्माण** | आधीखोला गाँउपालिका ४ श्रवणकुमार टोल | नौलो निगाले सामुदायिक वन उपभोक्ता समुह | ३२२१२८.०० | ३६२६५.०० | ३५८३९३.०० |
| ४ | **चौतारी निर्माण योजना** | अन्नपूर्ण गाँउपालिका ४, भालुओढार | नौले छरछरे सामुदायिक वन उपभोक्ता समुह | १०६२५५.०० | १३५४२.०० | ११९७९७.०० |
| ५ | **चौतारी निर्माण योजना** | अन्नपूर्ण गाँउपालिका ४, छुमाने | नौले छरछरे सामुदायिक वन उपभोक्ता समुह | १०६२५५.०० | १३५४२.०० | ११९७९७.०० |
| ६ | **चौतारी निर्माण योजना** | मोदी गाँउपालिका ७, पञ्चासे टप | तालबाराह सामुदायिक वन उपभोक्ता समुह | ६२३१०.०० | ७९४२.०० | ७०२५२.०० |
| ७ | **चौतारी निर्माण योजना** | मोदी गाँउपालिका, वडा नं. ७, राम्जा बलढ्याङ्गरो | तालबाराह सामुदायिक वन उपभोक्ता समुह | १२००३६.०० | १३३३७.०० | १३३३७३.०० |
| ८ | **चौतारी निर्माण योजना** | फेदीखोला गाँउपालिका ४ शिताला राम्चेदेवी मन्दिर | रापुपाखा सामुदायिक वन उपभोक्ता समुह | ९९०१८.०० | ११००१.०० | ११००१९.०० |
| ९ | **पोखरी निर्माण योजना** | पोखरा महानगरपालिका २३ सिदाने फलाटे | कुद्रबीडाँडा सामुदायिक वन उपभोक्ता समुह | १९९६७२.०० | २२१८५.०० | २२१८५७.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | **पोखरी निर्माण योजना** | पोखरा महानगरपालिका २३, सिमाना, कुवाछेउ | मजुवा सामुदायिक वन उपभोक्ता समुह | २८६९८६.०० | ३२०४५.०० | ३१९०३१.०० |
| ११ | **सेड हाउस निर्माण योजना** | पोखरा महानगरपालिका २३ सिदाने फलाटे | कुद्बबीडाँडा सामुदायिक वन उपभोक्ता समुह | २११२३९.०० | २३६५३.०० | २३४८९२.०० |
| १२ | **सेड हाउस निर्माण योजना** | फेदीखोला गाँउपालिका ४ स्याङ्जा | रापुपाखा सामुदायिक वन उपभोक्ता समुह | २२९७१५.०० | २५५६०.०० | २५५२७५.०० |
| १३ | **पानी मुहान संरक्षण योजना** | पोखरा महानगरपालिका २३, तामागी टाकीखोला | शान्ति सालघारी सामुदायिक वन उपभोक्ता समुह | १२९६६६.०० | १४८६८.०० | १४४५३४.०० |
| १४ | **खोला किनारा संरक्षण योजना** | पोखरा महानगरपालिका २३ सिदाने टोड्केखोला | कुद्बबीडाँडा सामुदायिक वन उपभोक्ता समुह | १७६०५४.०० | २०१०१.०० | १९६१५५.०० |
| | | **जम्मा रकम** | | २८,३५,१४४.०० | ३,३०,६५०.०० | ३१,६५,७९४.०० |
| | | | | | | |

## ६. आ.व. २०८२।०८३ मा सम्पन्न कार्यक्रमको प्रगति विवरण (प्रदेश सरकार तर्फ)

| सि.न. | कार्यक्रम | बजेट (हजारमा) | खर्च (हजारमा) | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | सरोकारवालासँग समन्वय बैठक (तिन वटा) | १२० | ६० | ५० |
| २ | इकाई तथा परिषद सुदृढिकरण | ९० | ४१.३ | ४५ |
| ३ | पञ्चासे वन संरक्षण क्षेत्रमा प्राविधिक सहयोग( रेञ्जर, सुपरभाईजर, फिल्ड सहयोगी) | १३५० | १२०१ | ८८ |
| ४ | पञ्चासे वन संरक्षण क्षेत्रमा चोरिशिकार नियन्त्रण इकाईहरुको परिचालन | ९० | ८२.७ | ९१ |
| ५ | वन डढेलो नियन्त्रण, वन व्यवस्थापन र चोरी शिकारी नियन्त्रण गोष्ठी | ५० | २५ | ५० |
| ६ | पञ्चासे वन संरक्षण क्षेत्रमा सञ्चालन हुने मेला महोत्सव सहयोग/ अनुदान | ८० | २५ | ३१ |
| | जम्मा | १७८० | १४३५ | ८०.६ |

## ७. आ.व. २०८२।०८३ मा सम्पन्न योजनाहरुः

- पदमार्ग निर्माणः ३ वटा
- पोखरी निर्माणः २ वटा
- खोला खोल्सी किनारा संरक्षणः १ वटा
- खानेपानी मुहान संरक्षणः १ वटा
- सेड हाउस निर्माणः २ वटा
- चौतारी निर्माणः ५ वटा

**<u>योजना छनौट विधिहरू</u>**

***१. सहभागी योजना तर्जुमा प्रक्रिया (Participatory Planning Process)***

- स्थानीय समुदाय, उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह तथा सरोकारवालासँग छलफल गरी आवश्यकता पहिचान गर्ने।
- पञ्चासे वन संरक्षण अन्तर्गत रहेका तिनवटै जिल्ला (पर्वत, स्याङ्जा र कास्की)मा रहेका इकाई परिषद्हरु, डिभिजन तथा सव डिभिजन वन कार्यालहरुसँग छलफल र योजना माग र संकलन
- डिभिजन तथा सव डिभिजन वन कार्यालहरुसँग छलफल गरी कार्यक्रम दोहोरोपना हुन नदिने र समन्वयमा गर्न सकिने कार्यक्रमहरुको विषयमा छलफल
- स्थानीय स्तर र इकाई परिषद्बाट माग भएका योजना/ कार्यक्रमहरुको विषयमा पञ्चासे मुल परिषद् र विभिन्न सरोकारवाला नियकाहरुसँगको सहभागितमा हुने समन्वय गोष्ठीमा छलफल गरी छनौट

२. ***स्थलगत अवलोकन तथा प्राविधिक मूल्याङ्कन***

- वन निर्देशनालय, पञ्चासे वन संरक्षण क्षेत्र, डिभिजन तथा सव डिभिजन वन कार्यालयका प्राविधिक टोलीद्वारा स्थलगत निरीक्षण गरी समस्याको पहिचान, औचित्य र दिगो प्रभाव वारे अध्ययन।
- योजनाको आवश्यकताको मूल्याङ्कन तथा प्राथमिकीकरण।

***३. संरक्षण आवश्यकता तथा प्राथमिकता निर्धारण***

- जैविक विविधता, वन्यजन्तुको बासस्थान, जलस्रोत, जलाधार तथा संवेदनशील क्षेत्रलाई संरक्षणका कार्यमा प्रथमिकता।
- पञ्चासे संरक्षित वन व्यवस्थापन कार्ययोजना, २०७३/०७४ देखि २०८२।०८३ (१० वर्षे) ले निर्दिष्ट गरेका  क्षेत्रहरुको परिधिभित्र रही कार्यक्रम छनौट र प्रथमिकीकरण।

### ४. *लाभग्राही संख्या तथा प्रभावको आधार*

- बढी समुदाय लाभान्वित हुने योजना छनौट।
- वातावरणीय, सामाजिक तथा आर्थिक प्रभावको मूल्याङ्कन।

### ५. *प्राविधिक तथा आर्थिक सम्भाव्यता*

- उपलब्ध बजेट, लागत तथा प्राविधिक व्यवहार्यता अध्ययन।
- दिगो सञ्चालन तथा मर्मत सम्भार सम्भव हुने योजनालाई प्राथमिकता।

### ६. *संरक्षण क्षेत्र व्यवस्थापन योजना अनुरूपता*

- पञ्चासे वन संरक्षण क्षेत्रको व्यवस्थापन योजना, वार्षिक स्वीकृत कार्यक्रम तथा नेपाल सरकार र प्रदेश सरकारको नीति अनुसार योजना छनौट गर्ने।

## कार्यक्रमगत छनौटका विशेष आधारहरू

| कार्यक्रम | छनौटका प्रमुख आधार |
|---|---|
| **पानी मुहान संरक्षण** | पानीको स्रोत सुक्दै गएको, समुदायको निर्भरता बढी भएको, जलाधार संरक्षण आवश्यक भएको क्षेत्र |
| **खोला किनारा संरक्षण** | कटान, भूक्षय तथा बाढीको जोखिम भएको क्षेत्र |
| **पोखरी निर्माण** | वन्यजन्तु तथा पशुपन्छीलाई पानी अभाव भएको क्षेत्र, जलसञ्चयको सम्भावना भएको स्थान |
| **पदमार्ग निर्माण** | पर्यटकीय सम्भावना, धार्मिक तथा प्राकृतिक गन्तव्यसँग जोडिने मार्ग |
| **चौतारी निर्माण** | पदमार्ग, पर्यटकीय तथा धार्मिक स्थलमा विश्रामस्थलको आवश्यकता भएको स्थान |

# ७. कार्यक्रमगत प्रगति विवरण

## ७.१ पानी मुहान संरक्षण कार्यक्रम

पञ्चासे वन संरक्षण क्षेत्र जैविक विविधता, जलाधार संरक्षण तथा प्राकृतिक जलस्रोतहरूको दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र हो। संरक्षण क्षेत्रभित्र रहेका पानीका मुहानहरू स्थानीय समुदायको खानेपानी, पशुपालन, कृषि तथा पारिस्थितिकीय प्रणालीका लागि प्रमुख स्रोतका रूपमा रहेका छन्। तर जलवायु परिवर्तन, वन विनाश, अनियन्त्रित चरिचरन तथा प्राकृतिक स्रोतको बढ्दो उपयोगका कारण कतिपय मुहानहरूमा पानीको मात्रा घट्दै गएको अवस्था छ।

यस परिस्थितिलाई मध्यनजर गर्दै पानीका मुहानहरूको संरक्षण, पुनर्जीवन तथा दिगो व्यवस्थापन गरी जलस्रोतको उपलब्धता सुनिश्चित गर्ने उद्देश्यले आ.व. २०८२/०८३ मा पानी मुहान संरक्षण कार्यक्रम सञ्चालन गरिएको हो। कार्यक्रम अन्तर्गत मुहान क्षेत्रको संरक्षण, मुहानबाट ट्याङ्की सम्म पानी लंजाने कार्य, सरसफाइ, टंकी निर्माण लगायतका कार्यहरू सम्पन्न गरिएका छन्। कास्की जिल्लाको हर्पन तथा चैनपुर २ गाउँको करिब २५० घरधुरीले पिउने पानीको मुहान यही क्षेत्र रहेको छ।

**कार्यक्रम कार्यान्वयन भएको स्थानः**

सामुदायिक वनको नामः शान्ति तथा सालघारी सा.व.उ.स.
ठेगानाः  पोखरा –२३ हर्पन टाँकीखोला

पोखरा पामे, ठुलाखेत हुदै हर्पन तामागी सम्म १:३० घण्टा गाडीको यात्रा गरी करिब ३० मिनेटको  पैदल यात्रा गरेपछि टाँकीखोला खानेपानी मुहान पुगिन्छ ।

**उद्देश्यः**

- खानेपानी तथा सिँचाइका मुहानहरूको संरक्षण तथा पुनर्जीवन गर्ने।
- स्थानीय समुदायलाई दिगो रुपमा पिउने पानी उपलब्ध गराउने ।
- खोलाको कटान नियन्त्रण र जलाधार क्षेत्रको  संरक्षण गरी पानीको दिगो उपलब्धता सुनिश्चित गर्ने।

**सम्पन्न कार्यः**

- मुहान वरिपरि संरक्षण संरचना निर्माण।
- स्थानीय समुदायलाई पिउने पानी उपलब्ध गराउन ट्याङ्की निर्माण गरिएको।

- कटान नियन्त्रण तथा पानी ट्याङ्की संरक्षणका  लागि टाँकीखोलामा ४ वटा गेबियन जालीमा ढुंगा भर्ने कार्य गरिएको।

**प्राप्त उपलब्धिः**

- मुहान क्षेत्रमा पानीको स्रोत संरक्षणमा सहयोग पुगेको।
- जलाधार क्षेत्रमा हरियाली वृद्धि भएको।
- हर्पन चैनपुर २, गाउँको करिव २५० घरधुरीलाई वर्षभरि पिउने पानी तथा सिचाईका लागि पानीको उपलब्धता सुनिश्चित गर्न मद्दत पुगेको।
- खोलाको कटान नियन्त्रण भई पहिरो तथा भूक्षय नियन्त्रण भएको।

**आइपरेका समस्या तथा चुनौतीः**

- दुर्गम भू-भाग तथा बस्तीबाट टाढा भएका कारण निर्माण सामग्री ढुवानी तथा ज्यामी पाउनलाई कठिनाइ भएको।
- भिरालो भू–भागका कारण संरचना निर्माणमा प्राविधिक जटिलता
- मौसमजन्य प्रतिकूल प्रभाव

**कार्यक्रम हुनु पूर्वः**



**कार्यक्रम कार्यान्वयन पश्चातः**




## ७.२ खोला किनारा संरक्षण कार्यक्रम

पञ्चासे वन संरक्षण क्षेत्र जैविक विविधता, जलाधार संरक्षण तथा पर्यावरणीय सन्तुलनका दृष्टिले महत्वपूर्ण क्षेत्र हो। संरक्षण क्षेत्रभित्र रहेका खोलानाला तथा जलाधार क्षेत्रहरूमा वर्षायामको समयमा हुने तीव्र बहावका कारण भूक्षय, कटान तथा पहिरोको जोखिम बढ्ने गरेको छ। यसबाट वन क्षेत्र, कृषि भूमि, जैविक विविधता तथा स्थानीय पूर्वाधारमा प्रतिकूल असर पर्ने गरेको छ।

टोड्के खोला फेवातालको प्रमुख मुहान (हर्पन खोला प्रणाली) अन्तर्गत पर्ने महत्वपूर्ण जलाधार क्षेत्र समेत हो। पञ्चासे वन संरक्षण क्षेत्र अन्तर्गत सिदानेदेखि पञ्चासेको भञ्ज्याङ जाने पदमार्गमा पर्ने टोड्के खोला वर्षायाममा अत्यधिक बहाव हुने तथा ठूलो परिमाणमा गेग्रान (ढुङ्गा, गिट्टी, बालुवा आदि) बगाएर ल्याउने भएकाले पदमार्ग तथा आवागमनमा गम्भीर समस्या सिर्जना हुँदै आएको थियो। उक्त खोलाले स्थानीयवासी तथा पर्यटकहरूले प्रयोग गर्ने पदमार्ग अवरुद्ध गर्नुका साथै पोखरा–भञ्ज्याङ स्थानीय सडकमा समेत क्षति पुर्‍याउने गरेको थियो। विशेषगरी वर्षायाममा खोलाको कटान, अनियन्त्रित बहाव तथा गेग्रान थुप्रिने समस्याका कारण सडक र पदमार्गको दिगोपनामा प्रतिकूल असर परेको थियो। खोलाकिनारामा हुने कटान नियन्त्रण गरी जलाधार क्षेत्रको संरक्षण,स्थानीय पूर्वाधारको संरक्षण, माटोको क्षय न्यूनीकरण तथा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन गर्ने उद्देश्यले आ.व. २०८२/०८३ मा खोला किनारा संरक्षण कार्यक्रम सञ्चालन गरिएको हो। यस कार्यक्रम अन्तर्गत जैविक तथा संरचनागतरुपमा गेबियन जाली राख्ने कार्य सम्पन्न गरिएको छ।स्थानीय समुदायलाई समेत जैविक प्रविधिको समेत जानकारी प्राप्त गराईएको छ।

**<u>कार्यक्रम कार्यान्वयन स्थानः</u>**

सामुदायिक वनको नामः कुद्दवी डाँडा सामुदायिक वन उपभोक्ता समुह
ठेगानाः पोखरा –२३, सिधाने, टोड्के खोला

पोखरा देखि घाटछिना हुदै पञ्चासे भञ्ज्याङ जाने मुख्य बाटो सिधाने टोड्के खोला सम्म २ घण्टा गाडीमा त्यसपछि १० मिनेट पैदल हिडेपछि पुग्न सकिन्छ ।

**उद्देश्यः**

१. खोला तथा नदी किनारामा हुने कटान तथा भूक्षय नियन्त्रण गर्ने।
२. जलाधार क्षेत्र तथा प्राकृतिक स्रोतहरूको संरक्षण गर्ने।
३. कृषि भूमि, वन क्षेत्र तथा स्थानीय पूर्वाधारको सुरक्षा गर्ने।
४. माटो संरक्षण तथा वातावरणीय सन्तुलन कायम राख्ने।
५. जैविक विविधता संरक्षण तथा पारिस्थितिकीय प्रणालीलाई सुदृढ बनाउने।

**कार्यक्रम कार्यान्वयन अवस्थाः**

स्वीकृत कार्यक्रम तथा प्राविधिक मापदण्ड अनुसार खोला किनारामा संरक्षण संरचना निर्माण अन्तर्गत गेबियन जाली राख्ने कार्य, जैविक संरक्षण तथा अन्य आवश्यक संरक्षण कार्यहरू सम्पन्न गरिएको छ। कार्यक्रम सामुदायिक उपभोक्ता समिति, सरोकारवाला निकाय, परिषद् तथा स्थानीय समुदायको सहभागितामा सञ्चालन गरिएको छ।

**प्रमुख उपलब्धिहरूः**

- टोड्केखोला फेवातालको प्रमुख मुहान (हर्पन खोला प्रणाली) अन्तर्गत पर्ने महत्वपूर्ण जलाधार क्षेत्र भएकाले यस क्षेत्रमा गरिएको खोला किनारा संरक्षण कार्यले स्थानीय पूर्वाधार तथा बस्तीको संरक्षणमा मात्र नभई समग्र जलाधार व्यवस्थापनमा समेत महत्वपूर्ण योगदान पुऱ्याएको छ। खोलाको कटान नियन्त्रण तथा बहाव व्यवस्थापनबाट तल्लो तटीय क्षेत्रका बस्ती, कृषि भूमि तथा सडक संरचनाहरूको संरक्षण हुनुका साथै माथिल्लो क्षेत्रबाट बगेर आउने माटो, गेग्रान तथा अन्य अवसादजन्य पदार्थको वहाव नियन्त्रण गर्न सहयोग पुगेको छ।यसबाट फेवातालमा पुग्ने गाद तथा अवसादको मात्रा न्यूनीकरण भई तालको दीर्घकालीन संरक्षणमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। साथै जलाधार क्षेत्रको स्थायित्व कायम राख्न, भूक्षय नियन्त्रण गर्न तथा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनमा समेत यस कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

**प्रभावः**

कार्यक्रम कार्यान्वयन पश्चात् खोला किनाराको स्थायित्वमा सुधार आएको छ तथा कटानको जोखिम कम भएको छ। जलाधार क्षेत्र संरक्षणमा सहयोग पुग्नुका साथै वन तथा जैविक विविधताको संरक्षणमा सकारात्मक प्रभाव परेको छ। यस कार्यक्रमले प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

**समस्या तथा चुनौतीः**

- अत्यधिक वर्षा तथा बाढीका कारण संरक्षण संरचनामा क्षति पुग्न सक्ने।
- नियमित अनुगमन तथा मर्मतसम्भारको आवश्यकता रहने।
- केही स्थानमा थप संरक्षण संरचना निर्माणको आवश्यकता देखिएको।
- पर्याप्त बजेट अभावका कारण आवश्यक सबै क्षेत्रमा संरक्षण कार्य सञ्चालन गर्न नसकिएको।

**निष्कर्षः**

खोला किनारा संरक्षण कार्यक्रमले पञ्चासे वन संरक्षण क्षेत्रभित्र जलाधार संरक्षण, भूक्षय नियन्त्रण तथा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। कार्यक्रमबाट वन क्षेत्र, कृषि भूमि तथा स्थानीय पूर्वाधारको संरक्षणमा सकारात्मक प्रभाव परेको छ। आगामी दिनमा यस्ता संरक्षणमुखी कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ।

कार्यक्रम हुनु पूर्वः



**कार्यक्रम कार्यान्वयन पश्चातः**




## ७.३ पदमार्ग निर्माण कार्यक्रम

पञ्चासे वन संरक्षण क्षेत्र जैविक विविधता, प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न महत्वपूर्ण संरक्षण क्षेत्र हो। यस क्षेत्रभित्र रहेका धार्मिक स्थल, प्राकृतिक दृश्यावलोकन स्थल तथा पर्यटकीय गन्तव्यहरूमा आन्तरिक तथा बाह्य पर्यटकहरूको निरन्तर आवागमन हुने गर्दछ। तर कतिपय स्थानमा सुरक्षित तथा व्यवस्थित पदमार्गको अभावका कारण पर्यटक तथा स्थानीय बासिन्दाको आवागमनमा कठिनाइ हुने गरेको थियो।

यस समस्यालाई सम्बोधन गर्दै पर्यापर्यटन प्रवर्द्धन, आगन्तुकहरूको सुरक्षित आवागमन तथा प्राकृतिक तथा सांस्कृतिक सम्पदासम्म सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यले आ.व. २०८२/०८३ मा पदमार्ग निर्माण कार्यक्रम सञ्चालन गरिएको हो। कार्यक्रम अन्तर्गत आवश्यक स्थानमा नयाँ पदमार्ग निर्माण तथा स्तरोन्नति कार्य सम्पन्न गरिएको छ।

**<u>पदमार्ग निर्माण अन्तर्गत तिनवटा योजना सम्पन्न भएका छन्।</u>**

(क) सामुदायिक वनको नामःनौले निगाले सा.व.उ.स.
ठेगानाः आँधीखोला –४ श्रवणकुमार जुकेढुङ्गी देखि मथाने सम्म

पोखरा देखि करिब ३ घण्टा गाडीको यात्रा गरी बाङसिङ श्रवणकुमार पदमार्ग निर्माण स्थलमा पुगिन्छ । श्रवणकुमारको समाधि स्थल, मन्दिर, पोखरी, रहेको स्थानमा रहेको यो पदमार्गबाट पञ्चासे भञ्ज्याङ करिव १ घण्टाको पैदल यात्रामा पुग्न सकिन्छ। यो पदमार्ग स्याङ्जा क्षेत्रबाट पञ्चासे पुग्ने एक महत्वपूर्ण पैदल मार्ग हो।

(ख) सामुदायिक वनको नामः मजुवा सा.व.उ.स.
ठेगानाः पोखरा महानगरपालिका २३ हुर्कने मकानपुर डल्लेढुङ्गी देखि हुर्कने चौतारी सम्म

पोखरा देखि पामे घाटिछिना हुदै १:३० घण्टा गाडीको यात्रा गरी मकानपुर गाउँ पुगिन्छ। गाडीको यात्रा पछि १५ मिनेटको पैदल यात्रामा पदमार्ग निर्माण स्थल पुगिन्छ। यस आ.व. मा १७० मि लामो पदमार्ग निर्माण गरिएको हो। पञ्चासे आवात जावत गर्ने आन्तरिक तथा बाह्य पर्यटक साथै स्थानिय समुदायका मानिसहरुको लागि आवातजावतमा सहजताको लागि यो पदमार्ग निर्माण गरीएको हो।

(ग) सामुदायिक वनको नामः ताल बराह सा.व.उ.स.
ठेगानाः मोदी –७ राम्जा, भुमेथान, पदमार्ग निर्माण पर्वत

पोखरा देखि नौडाँडा, डिमुवा हुदै २:३० घण्टा गाडीको यात्रा गरी राम्जा पुगिन्छ। गाडीको यात्रा पछि लगभग १ घण्डाको पैदल यात्रामा पदमार्ग निर्माण स्थल पुगिन्छ। पर्वत राम्जा क्षेत्रबाट पञ्चासे ताल र पञ्चासे टप यसै पदमार्ग हुदै जान सकिन्छ। यस आ.व. मा उक्त स्थानमा २६७ मि लामो पदमार्ग निर्माण गरिएको छ।

**उद्देश्यः**

१. पर्यटक तथा स्थानीय बासिन्दाको आवागमनलाई सुरक्षित, सहज र व्यवस्थित बनाउने।
२. संरक्षण क्षेत्रभित्र पर्यापर्यटन प्रवर्द्धन गर्ने।
३. पर्वत क्षेत्रबाट पञ्चासे जाने  पर्यटकको वृद्धि गर्ने
४. धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदासम्म पहुँच अभिवृद्धि गर्ने।
४. स्थानीय समुदायको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने।
५. संरक्षण क्षेत्रको पर्यटन पूर्वाधार सुदृढ गर्ने।

**कार्यक्रम कार्यान्वयन अवस्थाः**

स्वीकृत कार्यक्रम तथा प्राविधिक मापदण्ड अनुसार पदमार्ग निर्माण तथा स्तरोन्नति कार्य सम्पन्न गरिएको छ। आवश्यक स्थानमा बाटो सुधार, ढुङ्गा बिछयाउने, सिँढी निर्माण तथा मार्ग व्यवस्थापनका कार्यहरू सम्पन्न गरिएका छन्। कार्यक्रम पञ्चासे वन संरक्षण क्षेत्र मुल परिषद्, इकाई परिषद् (कास्की, स्याङ्जा पर्वत)स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता समिति तथा सरोकारवालाको सहभागितामा कार्यान्वयन गरिएको छ।

**सम्पन्न कार्यः**

- पदमार्ग निर्माण कार्य सम्पन्न।

- आवश्यक स्थानमा ढुङ्गा बिछयाउने तथा सिँढी निर्माण।
- पदमार्गको चौडाइ तथा सुरक्षासम्बन्धी सुधार कार्य।
- मार्ग वरपरको सरसफाइ तथा व्यवस्थापन।
- आवश्यक स्थानमा विश्राम तथा दृश्यावलोकन स्थल व्यवस्थापन।

## ५. प्रमुख उपलब्धिहरू

- पर्यटक तथा स्थानीय बासिन्दाको आवागमन सहज र सुरक्षित भएको।
- पर्यटकीय तथा धार्मिक स्थलहरूको पहुँचमा सुधार आएको।
- पर्यापर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान पुगेको।
- स्थानीय समुदायलाई पर्यटन व्यवसाय तथा आयआर्जनका अवसर सिर्जना भएका।
- संरक्षण क्षेत्रको पर्यटन पूर्वाधार सुदृढ भएको।

## ६. प्रभाव

पर्यटक आगमनमा वृद्धि हुने आधार तयार भएको छ भने स्थानीय समुदायले समेत आवतजावत तथा पर्यटन गतिविधिबाट प्रत्यक्ष लाभ लिन सक्ने अवस्था सिर्जना भएको छ। यस कार्यक्रमले संरक्षण क्षेत्रको दिगो पर्यटन विकास तथा प्राकृतिक सम्पदाको व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## ७. समस्या तथा चुनौती

- भिरालो जमिन, भीर, खोँच तथा कठिन भू-बनोटका कारण निर्माण कार्य जटिल र खर्चिलो हुने ।
- वर्षायाममा पहिरो तथा भूक्षयका कारण पदमार्गमा क्षति पुग्न सक्ने ।
- नियमित मर्मतसम्भार तथा सरसफाइ आवश्यक रहने ।
- दुर्गम स्थानमा दक्ष जनशक्तिको अभाव र  निर्माण सामग्री ढुवानीमा कठिनाइ हुने ।
- नियमित मर्मत सम्भारको समस्या ।

## ८. निष्कर्ष

पदमार्ग निर्माण कार्यक्रमले पञ्चासे वन संरक्षण क्षेत्रभित्र पर्यापर्यटन विकास, स्थानीय समुदायको सुविधा अभिवृद्धि तथा प्राकृतिक तथा सांस्कृतिक सम्पदाको पहुँच विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। निर्माण गरिएका पदमार्गहरूको नियमित मर्मतसम्भार, संरक्षण तथा व्यवस्थापनमार्फत कार्यक्रमको दिगोपना सुनिश्चित गर्न आवश्यक देखिन्छ।

भुमेथान, पदमार्ग निर्माणः कार्यक्रम पूर्व

 

भुमेथान, पदमार्ग निर्माणः कार्यक्रम कार्यान्वयन पश्चात





मकानपुर पदमार्ग कार्यक्रम अगाडीः



मकानपुर पदमार्ग कार्यक्रम कार्यान्वयन पश्चातः





श्रवण कुमार पदमार्ग कार्यक्रम हुनु भन्दा अगाडीः



श्रवण कुमार पदमार्ग कार्यक्रम  कार्यान्वयन पछाडीः



## ७.३ पोखरी निर्माण कार्यक्रम

पञ्चासे वन संरक्षण क्षेत्र जैविक विविधता, जलाधार तथा पर्यावरणीय दृष्टिले अत्यन्त महत्वपूर्ण क्षेत्र हो। पछिल्लो समयमा जलवायु परिवर्तन, वर्षाको अनियमितता तथा पानीका प्राकृतिक स्रोतहरूमा आएको ह्रासका कारण वन्यजन्तु, पशुपन्छी तथा स्थानीय पारिस्थितिकीय प्रणालीमा प्रतिकूल प्रभाव परेको छ। यस अवस्थालाई न्यूनीकरण गरी वर्षाको पानी संकलन, जलाधार संरक्षण, भू-जल पुनर्भरण तथा वन्यजन्तुका लागि पानीको

उपलब्धता सुनिश्चित गरी पछिल्लो समयमा बढ्दै गएको मानव वन्यजन्तु द्धन्द्ध न्यूनीकरण गर्ने उद्देश्यले आ.व. २०८२/०८३ मा पञ्चासे वन संरक्षण क्षेत्र अन्तर्गत २ वटा पोखरी निर्माण कार्यक्रम सञ्चालन गरिएको हो।

**पोखरी निर्माण अन्तर्गत दुईवटा योजना सम्पन्न भएका छन्।**

(क)सामुदायिक वनको नामः कुद्भवीडाँडा सा.व.उ.स
ठेगानाः पोखरा– २३, सिधाने फलाटे

पोखरा देखि पञ्चासे जाने मुख्य बाटो पामे घाटछिना हुदै सिधाने दुई पाखे देखि रापु खामाले जाने बाटो हुदै गाडीमा १० मिनेट जाने र खामाले जाने बाटो छोडी भञ्ज्याङ जाने बाटो जाने ५० मिटरको दुरीमा पोखरी पुगिन्छ। यो पोखरी पुम्दीभुम्दीबाट भञ्ज्याङ जाने पदमार्ग अन्तर्गत पोखरा र स्याङ्जाको सिमानामा पर्दछ।

(ख) सामुदायिक वनको नामः मजुवा सा.व.उ.स.
ठेगानाः पोखरा २३, सिमाना नाङगे कुवाछेउ

पोखरा देखि १:३० घण्टा बसको यात्रा गरी भुम्दी हुदै पञ्चासे जाने मुख्य बाटो भुम्दी देखि करिब ३ घण्टा पैदल यात्रा गरेपछि पोखरी निर्माण स्थल पुगिन्छ।

**उद्देश्यः**

१. वर्षाको पानी संकलन तथा संरक्षण गर्ने।
२. वन्यजन्तु तथा पशुपन्छीका लागि स्थायी पानीको स्रोत उपलब्ध गराउने।
३. जलाधार क्षेत्रको संरक्षण तथा भू–जल पुनर्भरणमा सहयोग पुऱ्याउने।
४. जैविक विविधता संरक्षण तथा पारिस्थितिकीय सन्तुलन कायम राख्ने।
५. स्थानीय स्तरमा पानीको उपलब्धता अभिवृद्धि गर्ने।

**कार्यक्रम कार्यान्वयन अवस्थाः**

निर्धारित स्थानमा प्राविधिक मापदण्ड अनुसार पोखरी निर्माण कार्य सम्पन्न गरिएको छ। निर्माण कार्यका क्रममा पोखरी खन्ने, पर्खाल निर्माण तथा संरक्षण कार्यहरू सम्पन्न गरिएका छन्। निर्माण कार्य स्थानीय सामुदायिक वन उपभोक्ता मार्फत सम्पन्न भएको छ।

**प्रमुख उपलब्धिहरूः**

- वर्षायाममा खेर जाने पानी संकलन तथा संरक्षण हुने अवस्था सिर्जना भएको।

- सुख्खा मौसममा वन्यजन्तु तथा पशुपन्छीलाई वर्षभरि पानी उपलब्ध हुने आधार तयार भएको।
- जलाधार संरक्षण तथा भू–जल पुनर्भरणमा सकारात्मक योगदान पुगेको।
- जैविक विविधता संरक्षणमा सहयोग पुगेको।
- स्थानीय समुदायमा प्राकृतिक स्रोत संरक्षणप्रति सचेतना अभिवृद्धि भएको।
- पानीको खोजीमा वन्यजन्तु बस्ती क्षेत्रतर्फ जाने प्रवृत्ति कम भई मानव वन्यजन्तु द्वन्द्ध न्यूनीकरण हुने।

**प्रभावः**

पोखरी निर्माण पश्चात् उक्त क्षेत्रमा पानीको उपलब्धता बढ्न गई वन्यजन्तु तथा अन्य जीवजन्तुको आवतजावतमा सहजता आएको छ। साथै जलाधार संरक्षण तथा पारिस्थितिकीय प्रणालीको सुदृढीकरणमा सकारात्मक प्रभाव देखिएको छ। यस कार्यक्रमले पञ्चासे वन संरक्षण क्षेत्रको जैविक विविधता संरक्षण तथा जल स्रोत व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

**समस्या तथा चुनौतीः**

- लामो खडेरीका समयमा पोखरीमा पानीको मात्रा घट्न सक्ने।
- गाद जम्ने तथा नियमित सरसफाइको आवश्यकता रहने।
- संरचनाको दीगो व्यवस्थापनका लागि स्थानीय सहभागिता निरन्तर आवश्यक रहने।
- संरचना बिग्रिएमा मर्मत सामग्री र जनशक्ति पुऱ्याउन समस्या हुन सक्छ

## निष्कर्ष

पोखरी निर्माण कार्यक्रमले पञ्चासे वन संरक्षण क्षेत्रमा जलाधार संरक्षण, वन्यजन्तुको बासस्थान व्यवस्थापन तथा जैविक विविधता संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। निर्माण गरिएका संरचनाहरूको नियमित संरक्षण, अनुगमन तथा व्यवस्थापनबाट कार्यक्रमको दीगोपना सुनिश्चित गर्न सकिने देखिन्छ। वन्यजन्तुको अस्वाभाविक जमघट, रोग संक्रमण, मिचाहा प्रजातिको विस्तार तथा नियमित मर्मत सम्भारका चुनौतीहरूलाई ध्यानमा राखी वैज्ञानिक व्यवस्थापन र अनुगमन आवश्यक रहनेछ।आगामी वर्षहरूमा यस्ता कार्यक्रमलाई थप विस्तार गरी संरक्षण क्षेत्रभित्रका अन्य उपयुक्त स्थानहरूमा समेत कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

कार्यक्रम पूर्वः सिमाना पोखरी



कार्यक्रम कार्यान्वयन पश्चातः









*कार्यक्रम पूर्वः फलाटे पोखरी*



*कार्यक्रम कार्यान्वयन पश्चात फलाटे पोखरी*





## २.४ सेड हाउस निर्माण कार्यक्रम

पञ्चासे वन संरक्षण क्षेत्र जैविक विविधता, प्राकृतिक सौन्दर्य, धार्मिक तथा पर्यटकीय महत्वले सम्पन्न क्षेत्र हो। संरक्षण क्षेत्रभित्र विभिन्न पदमार्ग, धार्मिक स्थल, दृश्यावलोकन स्थल तथा पर्यटकीय गन्तव्यहरूमा आन्तरिक तथा बाह्य पर्यटकहरूको आवागमन हुने गर्दछ। पदयात्रा तथा भ्रमणका क्रममा पर्यटक, स्थानीय बासिन्दा तथा अन्य आगन्तुकहरूलाई सुरक्षित र सहज विश्रामको सुविधा उपलब्ध गराउन आवश्यक रहेको र पञ्चासे क्षेत्र नेपालको सबैभन्दा बढी वर्षा हुने क्षेत्रमध्ये एक भएकाले यहाँ मौसममा छिटो परिवर्तन हुने, हावाहुरी, बाक्लो हुस्सु, असिना तथा निरन्तर वर्षा हुने गर्दछ। यस्ता प्रतिकूल मौसमीय अवस्थाका कारण पदयात्री, तीर्थयात्री तथा पर्यटकहरूको आवागमनमा कठिनाइ र जोखिम उत्पन्न हुने गर्दछ। यस परिस्थितिमा विश्राम, आश्रय तथा

आकस्मिक मौसमीय जोखिमबाट सुरक्षा प्रदान गर्ने सेडहाउस निर्माण आवश्यक भएमहसुस गरी आ.व. २०८२/०८३ मा दुई वटा विश्राम स्थल निर्माण कार्यक्रम सञ्चालन गरिएको हो।

विश्राम स्थलहरूले पदमार्ग प्रयोगकर्ता तथा पर्यटकलाई विश्राम, आश्रय तथा प्राकृतिक दृश्यावलोकनका लागि उपयुक्त स्थान उपलब्ध गराउने भएकाले पर्यापर्यटन प्रवर्द्धन तथा संरक्षण क्षेत्रको व्यवस्थापनमा महत्वपूर्ण योगदान पुर्‍याउँछन्। यस्ता संरचनाले पदमार्गलाई थप आकर्षक र व्यवस्थित बनाउन सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ।

**<u>कार्यक्रम भएको स्थान र ठेगाना:</u>**

(क)सामुदायिक वनको नामः कुद्भवीडाँडा सा.व.उ.स.
ठेगानाःपोखरा– २३ फलाटे
पोखरा देखि पञ्चासे जाने मुख्य बाटो पामे घाटछिना हुदै सिधाने दुई पाखे देखि रापु खामाले जाने बाटो हुदै गाडीमा १० मिनेट जाने र खामाले जाने बाटो छोडी भञ्ज्याङ जाने बाटो जाने ५० मिटरको दुरीमा पोखरी पुगिन्छ । पुम्दीभुम्दिबाट पञ्चासे जाँदा यस क्षेत्रको पदमार्गमा सेड हाउस नभएकोले प्रतिकुल मौसममा पदयात्रीहरुलाई यात्रा गर्दा कठिनाई हुने गरेको थियो । यो सेडहाउस कास्की र स्याङजाको सिमाना (कास्कीको सिधाने र स्याङजाको खामाले टुटे )

(ख) सामुदायिक वनको नामःरापुपाखा सामुदायिक वन
ठेगानाःफेदीखोला –४ स्याङ्जा सिमाना
पोखरा देखि १:३० घण्टा बसको यात्रा गरी भुम्दी हुदै पञ्चासे जाने मुख्य बाटो भुम्दी देखि करिब ३ घण्टा पैदल यात्रा गरेपछि सिमाना सेड हाउस पुगिन्छ ।

**उद्देश्यः**

- ✓ पर्यटक तथा पदयात्रीहरूलाई सुरक्षित तथा विश्रामस्थल उपलब्ध गराउने।
- ✓ अचानक हुने वर्षा, हावाहुरी, असिना, चिसो तथा घामबाट अस्थायी आश्रय प्रदान गर्ने
- ✓ संरक्षण क्षेत्रभित्र पर्यापर्यटन प्रवर्द्धन गर्ने।
- ✓ स्थानीय समुदाय तथा आगन्तुकहरूको आवागमनलाई सहज बनाउने।
- ✓ प्राकृतिक सम्पदा तथा पर्यटकीय स्थलहरूको आकर्षण अभिवृद्धि गर्ने।
- ✓ संरक्षण क्षेत्रको पर्यटन पूर्वाधार विकासमा टेवा पुर्‍याउने।
- ✓ पञ्चासे क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरी पर्यटकमैत्री पूर्वाधार विकास गर्ने।

**सम्पन्न कार्य:**

- उपयुक्त स्थान छनोट गरी विश्राम स्थल निर्माण।
- बस्ने व्यवस्था तथा छाना सहितको संरचना निर्माण।
- वरपरको क्षेत्र सरसफाइ तथा व्यवस्थापन।
- आवश्यक सूचना तथा दिशासूचक सामग्रीको व्यवस्था।

**प्रमुख उपलब्धि:**

- पदयात्री, पर्यटक तथा तीर्थयात्रीलाई सुरक्षित विश्रामस्थल उपलब्ध हुने।
- पदमार्गको उपयोग बढेको र यो क्षेत्रबाट यात्रा गर्नेको संख्या बढेको।
- यात्राका क्रममा सुरक्षित महसुस भएको।
- पदमार्ग तथा पर्यटकीय गन्तव्यहरूको आकर्षण बढेको।
- पर्यापर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान पुगेको।
- स्थानीय समुदायलाई पर्यटनबाट लाभ लिन सहयोग पुगेको।

**प्रभाव:**

विश्राम स्थल निर्माणबाट पदयात्रा तथा भ्रमणका क्रममा आगन्तुकहरूलाई आराम, आश्रय तथा दृश्यावलोकनको सुविधा प्राप्त भएको छ। यसले संरक्षण क्षेत्रको पर्यटकीय महत्व अभिवृद्धि गर्नुका साथै स्थानीय स्तरमा पर्यटनमैत्री वातावरण निर्माण गर्न सहयोग पुऱ्याएको छ।

**समस्या तथा चुनौती:**

- संरचनाको नियमित मर्मतसम्भार आवश्यक रहने।
- फोहोर व्यवस्थापन तथा सरसफाइमा निरन्तर ध्यान दिनुपर्ने।
- प्राकृतिक विपद् तथा प्रतिकूल मौसमबाट क्षति पुग्न सक्ने सम्भावना।
- दुर्गम र भौगोलिक बनावटले दक्ष जनशक्तिको अभाव र सामान ढुवानी गर्न कठिनाई ।

**निष्कर्ष:**

विश्राम स्थल निर्माण कार्यक्रमले पञ्चासे वन संरक्षण क्षेत्रभित्र पर्यापर्यटन पूर्वाधार विकास, आगन्तुकको सुविधा अभिवृद्धि तथा संरक्षण क्षेत्रको समग्र व्यवस्थापनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। स्थानीय समुदायको सहभागितामा यसको संरक्षण तथा व्यवस्थापनलाई निरन्तरता दिई कार्यक्रमको दिगोपना सुनिश्चित गर्न आवश्यक देखिन्छ।

**कार्यक्रम पूर्व: पोखरा २३ फलाटे सेड हाउस**



**कार्यक्रम कार्यान्वयन पश्चात: पोखरा २३ फलाटे सेड हाउस**









*कार्यक्रम पूर्वः फेदिखोला ४, सिमाना सेड हाउस*



*कार्यक्रम पश्चात फेदिखोला ४, सिमाना सेड हाउस*





## ७.४ चौतारी निर्माण कार्यक्रम

पञ्चासे वन संरक्षण क्षेत्र जैविक विविधता, प्राकृतिक सौन्दर्य, धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र हो। संरक्षण क्षेत्रभित्र रहेका पदमार्ग, धार्मिक स्थल, पर्यटकीय गन्तव्य तथा वन क्षेत्रको अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटकहरूको आवागमन हुने गर्दछ। साथै स्थानीय समुदायले समेत दैनिक आवतजावतका लागि विभिन्न पदमार्गहरूको प्रयोग गर्ने गरेका छन्।

यस क्षेत्रमा रहेका पदमार्गहरु घना जंगल र उकाली ओराली गर्दै हिड्नुपर्ने हुन्छ र थकाई मेट्ने स्थानको कमी रहेको महसुस गरी पदयात्रा गर्ने पर्यटक, स्थानीय बासिन्दा तथा अन्य आगन्तुकहरूलाई विश्राम, भेटघाट तथा प्राकृतिक दृश्यावलोकनका लागि उपयुक्त स्थान उपलब्ध गराउने उद्देश्यले आ.व. २०८२/०८३ मा तिनवटा जिल्ला(पर्वत, स्याङ्जा र कास्की) का विभिन्न स्थानमा चौतारी निर्माण कार्यक्रम सञ्चालन गरिएको हो। चौतारीले यात्रु तथा पर्यटकलाई आराम गर्ने स्थान उपलब्ध गराउनुका साथै स्थानीय संस्कृति, सामाजिक सद्भाव तथा पर्यापर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

**<u>कार्यक्रम भएको स्थान र ठेगानाः</u>**

(क)सामुदायिक वनको नामः तालबराह सा.व.उ.स.
ठेगानाः पञ्चासे टप




(ख) सामुदायिक वनको नामःरापुपाखा सामुदायिक वन
ठेगानाः राम्चेदेवी मन्दिर, फेदिखोला ४ स्याङ्जा





(ग) सामुदायिक वनको नामःतालबराह सा.व.उ.स सामुदायिक वन
ठेगानाः मोदी ७ राम्जा




पोखरा देखि नौडाँडा, डिमुवा हुदै २:३० घण्टा गाडीको यात्रा गरी राम्जा पुगिन्छ। गाडीको यात्रा पछि लगभग १ घण्डाको पैदल यात्रामा चौतारी निर्माण  स्थल पुगिन्छ।  यो पञ्चासे टप र पञ्चासे तालम जाने बाटो अन्तर्गत पर्दछ।

(घ) सामुदायिक वनको नामःतालबराह सा.व.उ.स सामुदायिक वन
ठेगानाः अन्नपूर्ण गा पा भदौरे देखि पञ्चासे टप विचमा




पोखरा देखि १:३० घण्टा गाडीको यात्रा गरी भदौरे पञ्चासे जाने मुख्य बाटो भदौरे करिब ३ घण्टा पैदल यात्रा गरेपछि भालुओडार र छुमाने चौतारी निर्माण स्थल  पुगिन्छ। यी चौतारी भदौरैबाट पञ्चासे जाने पदमार्ग अन्तर्गत पर्दछन्।

**उद्देश्यः**

१. पर्यटक तथा स्थानीय बासिन्दाका लागि सुविधायुक्त विश्रामस्थल उपलब्ध गराउने।
२. संरक्षण क्षेत्रभित्र पर्यापर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने।
३. पदमार्ग तथा पर्यटकीय गन्तव्यहरूको आकर्षण अभिवृद्धि गर्ने।
४. स्थानीय समुदायको सामाजिक तथा सांस्कृतिक गतिविधिलाई प्रोत्साहन गर्ने।
५. संरक्षण क्षेत्रको पर्यटन तथा मनोरञ्जन पूर्वाधार विकासमा टेवा पुऱ्याउने।

**कार्यक्रम कार्यान्वयन अवस्थाः**

स्वीकृत कार्यक्रम अनुसार उपयुक्त स्थान छनोट गरी प्राविधिक मापदण्ड बमोजिम चौतारी निर्माण कार्य सम्पन्न गरिएको छ। कार्यक्रम स्थानीय समुदाय तथा नौले छरछरे सामुदायिक वन उपभोक्ता समुहको सहभागितामा सञ्चालन गरिएको छ।

**सम्पन्न कार्यः**

- चौतारी निर्माण कार्य सम्पन्न।
- बस्ने तथा विश्राम गर्ने सुविधाको व्यवस्था।
- चौतारी वरपरको क्षेत्र संरक्षण तथा व्यवस्थापन।
- आवश्यक सरसफाइ तथा सौन्दर्यीकरण कार्य सम्पन्न।

**प्रमुख उपलब्धिहरूः**

- पदयात्री, पर्यटक तथा स्थानीय बासिन्दाका लागि विश्रामस्थल उपलब्ध भएको।
- पर्यटकीय स्थलहरूको आकर्षण अभिवृद्धि भएको।
- पर्यापर्यटन प्रवर्द्धनमा सकारात्मक योगदान पुगेको।
- स्थानीय समुदायलाई सामुदायिक भेटघाट तथा सामाजिक गतिविधिका लागि सार्वजनिक स्थल उपलब्ध भएको।
- संरक्षण क्षेत्रको पर्यटन पूर्वाधार सुदृढ भएको।

**प्रभावः**

चौतारी निर्माण पश्चात् पदमार्ग तथा पर्यटकीय क्षेत्रको उपयोगिता बढेको छ। पर्यटक तथा स्थानीय बासिन्दाले विश्राम तथा मनोरञ्जनका लागि सहज सुविधा प्राप्त गरेका छन्। यस कार्यक्रमले संरक्षण क्षेत्रको पर्यटन विकास, स्थानीय सहभागिता तथा प्राकृतिक सम्पदाको दिगो उपयोगमा सकारात्मक प्रभाव पारेको छ।

**समस्या तथा चुनौतीः**

- संरचनाको नियमित मर्मतसम्भार आवश्यक रहने।
- फोहोर व्यवस्थापन तथा सरसफाइमा निरन्तर ध्यान दिनुपर्ने।
- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण संरचनामा क्षति पुग्न सक्ने सम्भावना रहने।

**निष्कर्षः**

चौतारी निर्माण कार्यक्रमले पञ्चासे वन संरक्षण क्षेत्रभित्र पर्यापर्यटन प्रवर्द्धन, आगन्तुकको सुविधा अभिवृद्धि तथा स्थानीय समुदायको सामाजिक सहभागिता सुदृढ गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। निर्माण गरिएका चौतारीहरूको नियमित संरक्षण, मर्मतसम्भार तथा व्यवस्थापनमार्फत कार्यक्रमको दीगोपना र स्थानीय सुनिश्चित गर्न आवश्यक देखिन्छ।

# ८. कार्यक्रमगत विवरण (प्रदेश सरकार तर्फ)

**विश्व वातावरण दिवस २०८३:**वृक्षारोपण कार्यक्रम,पोखरा २३ वाम्दी-वाम्दिभिर सामुदायिक वन क्षेत्र




संयुक्त राष्ट्र सङ्घीय वातावरण कार्यक्रमको आह्वानमा सन् १९७३ देखि हरेक वर्ष जुन ५ तारिखका दिन विश्वभर 'विश्व वातावरण दिवस' मनाउँदै आइएको छ। यसै सन्दर्भमा, बहुआयामिक वातावरणीय संकट र जलवायु परिवर्तनका चुनौतीहरूलाई सम्बोधन गर्ने उद्देश्यका साथ "विश्व वातावरण दिवस २०८३" को सुअवसरमा गण्डकी प्रदेशमा विशेष वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको छ। बढ्दो प्रदूषण नियन्त्रण र हरित गृह ग्याँसको उत्सर्जन कम गर्न वनजङ्गलको संरक्षण अपरिहार्य देखिएकाले यो कार्यक्रम आयोजना गरिएको हो।





## ८.२ पञ्चासे वन संरक्षण क्षेत्रमा चोरी शिकार नियन्त्रण इकाईहरुको गस्ती परिचालन कार्यक्रम

यो कार्यक्रम तिनवटै जिल्लाका चोरी शिकारी नियन्त्रण इकाई र सम्बन्धित सव डिभिजन वन कार्यालयहरुको सहभागितमा सम्पन्न भएको थियो। पञ्चासे वन संरक्षण क्षेत्रमा चोरी शिकार, अवैध वन पैदावार संकलन तथा अन्य वन अपराध नियन्त्रण गरी वन्यजन्तु, वनस्पति र तिनका बासस्थानको संरक्षण, जैविक विविधताको संवर्द्धन तथा संरक्षण क्षेत्रको प्रभावकारी सुरक्षा व्यवस्थापनमा टेवा पुऱ्याउनु यस कार्यक्रमको उद्धेश्य रहेको थियो।

- ✓ पोखरा महानगरपालीका -२३ आहाल डाँडा कास्की
- ✓ मोदी गाँउ पालिका वडा नं ७ राम्जा पर्वत
- ✓ फेदिखोला गाउपालिका वडा नं ५ बागेफड्के स्याङ्जा









## ८.३ सामुदायिक वनमा कार्यालय तथा लेखा व्यवस्थापन तालिम

**यो कार्यक्रम सामुदायिक वनहरुको उपस्थितिमा निम्न स्थानमा सञ्चालन भएको थियो।**

- ✓ पोखरा महानगरपालीका -२२ तारेभिर कास्की
- ✓ कुश्मा नगरपालिका वडा नं १४ आर्थर पर्वत
- ✓ फेदिखोला गाउपालिका वडा नं ५ बागेफड्के स्याङ्जा










कार्यालय तथा लेखा व्यवस्थापन तालिमबाट सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, कर्मचारी तथा सदस्यहरूको प्रशासनिक तथा वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि भई कार्यालय सञ्चालन, अभिलेख व्यवस्थापन, आय–व्यय लेखा राख्ने, वित्तीय प्रतिवेदन तयार गर्ने तथा लेखापरीक्षण प्रक्रिया थप व्यवस्थित हुने अपेक्षा गरिएको छ। यसबाट सामुदायिक वनमा सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन भई वन स्रोत तथा आर्थिक स्रोतको प्रभावकारी परिचालन तथा दिगो व्यवस्थापनमा टेवा पुग्नेछ।

## ८.४ वन व्यवस्थापन, वन डढेलो तथा चोरी शिकारी नियन्त्रण तालिम

यो कार्यक्रम पोखरा म.न.पा २३, ठुलाखेतमा विभिन्न सामुदायिक वन उपभोक्ता समुहको उपस्थिति तथा फेवा सव डिभिजन वन कार्यालयसँगको सहकार्यमा सम्पन्न भएको थियो।




## ८.४ सरोकारवाला निकायहरुसँगको समन्वय गोष्ठी

वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशका प्रतिनिधि,डिभिजन वन कार्यालय पर्वत,स्याङ्जा, कास्की तथा पञ्चासे संरक्षण क्षेत्र मुल तथा इकाई परिषद्हरुको उपस्थितिमा यो आ.व. मा ३ वटा गोष्ठहरु सञ्चालन भएका थिए। यस गोष्ठबाट योजना छनौट देखि अनुमोदनका कार्यहरु समेत भएका थिए।






## ९. आ.व. २०८२।०८३ का समग्र कार्यक्रम कार्यान्वयनबाट अपेक्षित उपलव्धी

- मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण
- पर्यापर्यटन प्रवर्द्धनमा योगदान
- पर्यावरणीय सन्तुलन
- प्राकृतिक स्रोत संरक्षण, जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन
- स्थानीयको सहभागितामा वृद्धि
- वातावरण संरक्षणप्रति जनचेतना अभिवृद्धि

## १०. समग्र योजना कार्यान्वयनका चुनौतिहरुः

- निर्माण सामग्री र ढुवानी लागत बढी हुने
- भौगोलिक भू–वनावट, प्रतिकूल मौसम
- संरक्षण र विकासबीच सन्तुलन कायम गर्नुपर्ने
- जनशक्तिको अभाव
- सामुदायिक वनहरुको निष्क्रियताः पान नं.
- संरचनाको दीगो मर्मतसम्भार र व्यवस्थापन
- बजेट सिमा

## ११.आगामी कार्ययोजना

- संरचनाहरूको नियमित मर्मतसम्भार
- थप जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम सञ्चालन
- जैविक विवधता तथा स्थानीय प्रजातीहरुको विशेष संरक्षण
- समुदायको क्षमता विकास
- पर्यावरणीय अनुगमनलाई प्रभावकारी बनाउने
- संरक्षण र पर्यटनबीच सन्तुलित विकास
- स्थानीय तहसँग निरन्तर समन्वय (प्राविधिक तथा आर्थिक समेत)

## १२. निष्कर्षः

पञ्चासे वन संरक्षण क्षेत्र गण्डकी प्रदेशको महत्वपूर्ण संरक्षण क्षेत्रका रूपमा स्थापित रहेको छ, जहाँ समृद्ध जैविक विविधता, महत्वपूर्ण जलाधार प्रणाली, प्राकृतिक सौन्दर्य तथा धार्मिक–सांस्कृतिक सम्पदाको अद्वितीय संगम रहेको छ। यस क्षेत्र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको रहेको महत्वपूर्ण क्षेत्र र फेवा, मोदी तथा आँधीखोला जलाधारको संरक्षण गरी तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने समुदायको खानेपानी, सिँचाइतथा अन्य वातावरणीय सेवाहरूको दिगोपनामा महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ।

तर, पर्यापर्यटनले बढ्दो मानव चाप, अनियन्त्रित चरिचरण,अव्यवस्थित भौतिक पूर्वाधार विकास, वन अतिक्रमण, चोरी शिकारी, वन डढेलो, मानव–वन्यजन्तु द्वन्द्व, मिचाहा प्रजातिको विस्तार, जलवायु परिवर्तनका प्रभाव तथा संरक्षण व्यवस्थापनका लागि सीमित स्रोत–साधन जस्ता चुनौतीहरू विद्यमान छन्। विशेष गरी जलवायु परिवर्तनका कारण मुहान सुक्दै जानु, जैविक विविधतामा प्रतिकूल असर पर्नु, चरम मौसमी घटनाको वृद्धि हुनु तथा पारिस्थितिकीय प्रणालीको पुनरुत्थान क्षमता कमजोर बन्दै जानु संरक्षण क्षेत्रका लागि दीर्घकालीन चुनौतीका रूपमा देखिएका छन्।

यी चुनौतीहरूको प्रभावकारी व्यवस्थापनका लागि संरक्षण क्षेत्र व्यवस्थापन परिषद्, स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र र स्थानीय समुदायबीच सुदृढ साझेदारी आवश्यक छ। जलाधार तथा मुहान संरक्षण, पारिस्थितिकीय पुनर्स्थापना, वन डढेलो व्यवस्थापन, चोरी शिकारी नियन्त्रण, मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन तथा स्थानीय समुदायको जीविकोपार्जन सुधारसँग सम्बन्धित कार्यक्रमहरूलाई एकीकृत रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ। साथै, स्थानीय अनुकूलन योजना (LAPA) को मूलप्रवाहीकरण, वातावरणीय सेवा भुक्तानी (PES) को प्रवर्द्धन, दिगो प्रकृति पर्यटन विकास तथा संरक्षणमा आधारित हरित अर्थतन्त्रलाई विशेष प्राथमिकता दिनु आवश्यक छ।

पञ्चासे वन संरक्षण क्षेत्रको पारिस्थितिकीय अखण्डता, जैविक विविधता, जलाधार प्रणाली तथा सांस्कृतिक सम्पदाको दिगो संरक्षण, संरक्षण र विकासबीच सन्तुलन कायम गर्दै स्थानीय समुदायलाई संरक्षणको प्रत्यक्ष लाभ सुनिश्चित गर्न सकिएमा पञ्चासे क्षेत्रलाई जलवायु उत्थानशील (Climate Resilient), जैविक विविधतामैत्री तथा दिगो व्यवस्थापनको नमुना संरक्षण क्षेत्रका रूपमा विकास गर्न सकिनेछ।


Boundary Map of Panchase Protection Forest
With Land Cover (2025)
N
W
E
S
Annapurna ward 4
Modi Ward 8
Pokhara Lekhnath Ward 23
Modi Ward 7
Kushma Ward 14
Pokhara Lekhnath Ward 22
Phedikhola Ward 5
Phedikhola Ward 4
Aandhikhola Ward 4
Legend
Dense Forest
Open Forest
Water body
Shrubland
Grassland
Bareland
Settlement
1 cm = 1 km
0 1 2 4 6 8 Kilometers